नेपाल सरकार
वाणिज्य मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

# सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७४।१२।०४ गते दिनु भएको ५२ बुँदे निर्देशन कार्यान्वयन सम्बन्धमा

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत प्राप्त सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७४।१२।०४ गते दिनु भएको ५२ बुँदे निर्देशन तत्काल कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७४ चैत्र ५ गते केन्द्रमा सम्पूर्ण तहका कर्मचारीहरु सहभागी गराई बैंठकको आयोजना गरियो । उक्त बैंठकमा केन्द्रका श्रीमान् कार्यकारी निर्देशकज्यूबाट सम्माननीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा माननीय मन्त्रीज्यूहरुको उपस्थितिमा नेपाल सरकारका सचिव एवं विशिष्ट श्रेणीका अधिकृतज्यूहरुलाई मिति २०७४।१२।०४ गते दिनु भएको निर्देशन बारे केन्द्रका सम्पूर्ण कर्मचारीहरुलाई बुँदागत रुपमा जानकारी गराउनु भयो । साथै उक्त बैंठकको अवसरमा श्रीमान् कार्यकारी निर्देशकज्यूबाट मिति २०७४ चैत्र ५ मा उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयमा भएको मासिक प्रगति सम्बन्धी बैंठक र उक्त बैंठकमा श्रीमान् सचिवज्यू (वाणिज्य) बाट सम्माननीय प्रधानमन्त्रीज्यूले माननीय मन्त्रीज्यूहरु तथा नेपाल सरकारका सचिव एवं विशिष्ट श्रेणीका अधिकृतज्यूहरुलाई मिति २०७४।१२।०४ गते दिनु भएको निर्देशन तत्काल कार्वान्वयन गर्ने सम्बन्धमा, तुरुन्त सम्पन्न गरिनु पर्ने समसामयिक विषयहरु र केन्द्रसंग सम्बन्धित अन्य विषयहरुमा दिनु भएको निर्देशन बारे समेत जानकारी गराउनु हुँदै श्रीमान् कार्यकारी निर्देशकज्यूले सम्माननीय प्रधानमन्त्रीज्यूबाट व्यक्त ५२ बुँदे निर्देशन एवं श्रीमान् सचिवज्यूबाट व्यक्त निर्देशन आफूले तत्काल पूर्ण रुपमा पालना गर्ने प्रतिबद्धता जनाउनु हुँदै सम्पूर्ण कर्मचारीहरुलाई उक्त निर्देशनहरुको पूर्णरुपमा पालना गर्न निर्देशन जारी गर्नु भएको थियो ।

उक्त बैंठकमा श्रीमान् कार्यकारी निर्देशकज्यूबाट केन्द्रको ४ वर्षे रणनीतिक योजना तुरुन्त तयार गर्न, ३ तहको सरकार गठन भैसकेको अवस्थामा केन्द्रको O & M बनाउन, पूँजिगत खर्च, बेरुजु फछ्यौंट तथा केन्द्रबाट मासिक रुपमा सम्पादन गरिने कार्य प्रगतिहरुलाई website मार्फत सरोकारवालाहरुलाई जानकारी गराउने व्यवस्था मिलाउन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला/महोत्सवमा सहभागिता हुनु पूर्व मेलाको उद्देश्य सहित उक्त मेला सम्बन्धी बिस्तृत जानकारी र मेला सहभागिता पश्चात् प्राप्त उपलब्धी सहितको बिस्तृत प्रतिवेदन तयार गरी पत्रकार सम्मेलन मार्फत जानकारी दिने साथै यस्ता मेलाहरुमा सहभागिता जनाउँदा अनिवार्य रुपमा विदेश स्थित नेपाली कुटनीतिक नियोगहरुसंग सहकार्य गरी B2B Meeting समेत सञ्चालन गर्न, कर्मचारीहरुले पालना गर्नु पर्ने अनुशासनको पूर्ण रुपमा पालना गर्न र अन्य समसामयिक विषयहरु बारे सम्बन्धित कर्मचारीहरुको ध्यानाकर्षण गराई त्यसको पूर्ण कार्वान्वयनको लागि निर्देशन दिनु भएको थियो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७४।१२।०४ गते दिनु भएको ५२ बुँदे निर्देशनको विस्तृत विवरण: